नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**सार्वजनिक खरिद अनुगमन कार्यालय**

ताहाचल, काठमाडौं

# सम्पूर्ण सार्वजनिक निकाय र बोलपत्रदाताहरूको लागि अत्यन्त जरुरी सूचना

प्रकाशित मिति : २०७६।०४।१९ गते

सार्वजनिक खरिद नियमावली, २०६४ को आठौं संशोधन नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई सोको सूचना मिति २०७६।०४।१६ गतेको नेपाल राजपत्रमा प्रकाशित भइसकेको छ। नियमावलीको नयाँ प्रावधानबमोजिम बोलपत्रसम्बन्धी नमुना कागजात (SBD) हरू परिमार्जन गर्ने, Bid Capacity गणनाको सुत्र तयार गर्ने, Line of Credit को ढाँचा तयार गर्ने र सो अनुरूपको प्रावधानहरू विद्युतीय खरिद प्रणाली (e-GP System) मा नयाँ Templates तयार गरी लागू गर्न यस कार्यालयबाट तीव्र रूपमा कार्य भइरहेको जानकारी गराइएको छ।

यसै सन्दर्भमा विद्युतीय खरिद प्रणालीको अनलाइन माध्यमको सट्टा हाललाई Uploadable माध्यमबाट मात्र बोलपत्रको सूचनाहरू प्रकाशन गर्न र बोलपत्र कागजात पेस (Submission) गर्न गराउनका लागि सम्बन्धित सबै सार्वजनिक निकायहरू र बोलपत्रदाताहरूलाई अनुरोध गरिन्छ।

मिति २०७६।०४।१६ भन्दा अगाडि सूचना प्रकाशन भई मूल्याङ्कनमा रहेका बोलपत्रहरू बाहेकको हकमा यस कार्यालयबाट मिति २०७६।०४।१९ देखि ५ दिनसम्मको म्याद थप गरिएको र सोभन्दा बढीको म्याद थपको आवश्यकता भएमा सम्बन्धित सार्वजनिक निकायहरूबाटै आवश्यकताअनुसार बोलपत्र कागजातमा संशोधन र म्याद थपसमेत प्रदान गर्नुहुन यसै सूचनाबाट सम्बन्धित सबैमा जानकारी गराइएको छ।